# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सुन्धारा, काठमाडौं, वागमती प्रदेश, नेपाल

**सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण**

(मिति २०७८।१०।०१ देखि मिति २०७८।१२।३०सम्मको विवरण)

**(१) निकायको स्वरुप र प्रकृतिः**

काठमाडौं महानगरपालिका वि.स.१९७६ मा सफाई अड्डाको नामबाट स्थापना भई विभिन्न कालखण्डमा जारी भएका कानुनबमोजिम तोकिएका कार्य जिम्मेवारीहरु पुरा गर्न विभिन्न नामको कार्यालयमार्फत अविछिन्न सेवा प्रवाह गर्दै आएकोमा वि.स. २०५२ साल मंसिर महिना २९ गते महानगरपालिका घोषणा भएको हो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ हुँदै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संघीय संरचना अर्न्तगत स्थानीय सरकारको रुपमा नेपालको संघीय राजधानी काठमाडौंमा अवस्थित नेपालकै जेठो महानगरपालिका काठमाडौं महानगरपालिका हो ।

**(२) निकायको काम, कर्तव्य र अधिकारः**

यस महानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वाग्मती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानूनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकाको स्थानीय कानूनहरु, ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

**(३) निकायमा रहने कर्मचारी विवरणः**

यस महानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण र महानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ । उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.npमा समेत राखिएको छ ।

**(४) निकायबाट प्रदान गरिने सेवाः**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वाग्मती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा काठमाडौं महानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधिनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

**(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**

यस महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्ने सचिवालयहरु, समितिहरु, विभागहरु, महाशाखाहरु, शाखाहरु, ३२ वटा वडा कार्यालयहरु, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरु रहेका छन । महानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी, सहायक प्रवक्ता, विभागीय प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा उल्लेख गरिएको छ ।

**(६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:**

यस महानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण काठमाडौं महानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानून, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस संवन्धी व्यवस्था काठमाडौं महानगरपलिकाको वेबसाइट www.kathmandu.gov.np मा समेत उल्लेख गरिएको छ ।

**(७) निर्णय गर्ने प्रक्रिया र अधिकारी:**

यस महानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय, प्रदेश कानून र स्थानीय ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । महानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, शहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

**(८) निर्णय उपर उजुरी सुन्ने अधिकारी:**

यस महानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि महानगरपालिकाको केन्द्रिय स्तरमा प्रमुख प्रशासकीय अधिकृतज्यूको संयोजकतत्वमा

प्रशासन विभाग र कानुन तथा मानव अधिकार विभागका प्रमुख सदस्य रहेको तीन सदस्यीय गुनासो सुनुवाई समितिको व्यवस्था  गरिएको छ ।

**(९) सम्पादन गरेको कामको विवरणः**

यस महानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा महानगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ ।

**(१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः**

कार्यालय प्रमुखको नाम : लोकनाथ पौड्याल

पद : प्रमुख प्रशासकीय अधिकृत

इमेल ठेगाना : ceo@kathmandu.gov.np

सम्पर्क नम्बर : ०१-४२३२८९२

सूचना अधिकारीको नाम : वसन्त आचार्य

पद : निर्देशक

सम्पर्क नम्बर : ९८५१०८७९३८

इमेल ठेगाना : basantakmc@gmail.com

: rtikmc@gmail.com

**(११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूचीः**

काठमाडौं महानगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानून बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा राखिएको छ ।

**(१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**

यस महानगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरणहरु का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा राख्ने गरिएको छ । सवत् २०७८।१०।०१ देखि २०७८।१२।३० सम्मको क्षेत्रगत बजेट तथा खर्च विवरण यस प्रकार रहेको छ ।

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,४३,०५,३६,००० | ७,४२,७१,८६५.९७ | ५.१९ | १,३५,६२,६४,१३४.०३ |
| १ | कृषि | २,५७,५०,००० | ४,७८,१३२.४० | १.८६ | २,५२,७१,८६७.६० |
| २ | उद्योग | ३,१३,००,००० | १०,४३,२२० | ३.३३ | ३,०२,५६,७८० |
| ३ | पर्यटन | १,०५,८७,७७,००० | ३,३१,७२,०३२.५१ | ३.१३ | १,०२,५६,०४,९६७.४९ |
| ४ | सहकारी | १,४६,००,००० | ९९,००० | ०.६८ | १,४५,०१,००० |
| ५ | वित्तीय क्षेत्र | ७,८४,८२,००० | २,५१,८९,३९३.६६ | ३२.१ | ५,३२,९२,६०६.३४ |
| ६ | जलश्रोत तथा सिंचाई | १६,१८,२७,००० | १,२३,०७,७३७ | ७.६१ | १४,९५,१९,२६३ |
| ७ | बन | ५०,००,००० | ० | ० | ५०,००,००० |
| ८ | पशुपन्छी विकास | ५,३५,००,००० | १८,०७,२००.४० | ३.३८ | ५,१६,९२,७९९.६० |
| ९ | आपूर्ति | १३,००,००० | १,७५,१५० | १३.४७ | ११,२४,८५० |
| २ | सामाजिक विकास | ३,२६,३१,०९,४२० | ६८,६६,२१,७३९.७३ | २१.०४ | २,५७,६४,८७,६८०.२७ |
| १ | शिक्षा | १,३४,७४,४४,००० | ३०,५०,११,९३९ | २२.६४ | १,०४,२४,३२,०६१ |
| २ | स्वास्थ्य | ८२,५४,३३,४२० | ९,१५,००,१६०.१४ | ११.०९ | ७३,३९,३३,२५९.८६ |
| ३ | खानेपानी तथा सरसफाई | ३१,७९,४५,००० | ७,४३,७०,८९२.७९ | २३.३९ | २४,३५,७४,१०७.२१ |
| ४ | भाषा तथा संस्कृति | २६,५७,०१,००० | २,१७,१५,४५१.३० | ८.१७ | २४,३९,८५,५४८.७० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ७,९५,१८,००० | १,४०,८६,६६९.१५ | १७.७२ | ६,५४,३१,३३०.८५ |
| ६ | युवा तथा खेलकुद | ६,३०,३०,००० | १,५५,४८,२०८.२३ | २४.६७ | ४,७४,८१,७९१.७७ |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ३६,४०,३८,००० | १६,४३,८८,४१९.१२ | ४५.१६ | १९,९६,४९,५८०.८८ |
| ३ | पूर्वाधार विकास | ८,३१,१६,२४,००० | ८२,६४,३३,७०२.३४ | ९.९४ | ७,४८,५१,९०,२९७.६६ |
| १ | यातयात पूर्वाधार | २,९२,३२,०१,६६२.८८ | ३७,३६,१५,३५३.१५ | १२.७८ | २,५४,९५,८६,३०९.७३ |
| २ | भवन, आवास तथा सहरी विकास | २,८१,०७,१८,७०७.१२ | २८,२९,७६,०९३.७२ | १०.०७ | २,५२,७७,४२,६१३.४० |
| ३ | उर्जा | २२,१५,७५,००० | ९०,०२,००९.६० | ४.०५ | २१,२५,७२,९९०.४० |
| ४ | संचार तथा सूचना प्रबिधि | ५०,९६,५०,००० | २,०६,६८,२९४.८८ | ४.०५ | ४८,८९,८१,७०५.१२ |
| ५ | सम्पदा पूर्वाधार | १,७७,९१,०९,६३० | ११,९८,२४,६६३.५४ | ६.७४ | १,६५,९२,८४,९६६.४६ |
| ६ | बिज्ञान तथा प्रबिधि | २,१२,९१,००० | १९,८५,०८०.५० | ९.३२ | १,९३,०५,९१९.५० |
| ७ | पुनर्निर्माण | ४,६०,७८,००० | १,८३,६२,२०६.९५ | ३९.८५ | २,७७,१५,७९३.०५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९२,०६,१२,५८० | १५,७२,८१,३५१.२९ | १७.०७ | ७६,३३,३१,२२८.७१ |
| १ | वातावरण तथा जलवायु | २,८०,५०,००० | २९,६४,२७७ | १०.५७ | २,५०,८५,७२३ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | विपद व्यवस्थापन | २३,३४,५०,५८० | ७,६०,४९,३२१.१२ | ३२.५८ | १५,७४,०१,२५८.८८ |
| ३ | मानब संशाधन विकास | ८,३५,००,००० | ४५,०४,६६०.८९ | ५.३९ | ७,८९,९५,३३९.११ |
| ४ | शान्ति तथा सुव्यवस्था | ९,८६,००,००० | ७२,८०,२८९.४८ | ७.३८ | ९,१३,१९,७१०.५२ |
| ५ | कानुन तथा न्याय | २,२५,००,००० | ११,०२,४९९.६० | ४.९ | २,१३,९७,५००.४० |
| ६ | शासन प्रणाली | ३४,३७,८७,००० | ५,८८,८४,७५७.२० | १७.१३ | २८,४९,०२,२४२.८० |
| ७ | तथ्यांक प्रणाली | १,२१,२५,००० | १०,७९,४४२ | ८.९ | १,१०,४५,५५८ |
| ८ | गरिबी निवारण | ६,६५,००,००० | ० | ० | ६,६५,००,००० |
| ९ | श्रम तथा रोजगारी | ७५,००,००० | ४०,५०,१०३ | ५४ | ३४,४९,८९७ |
| १० | योजना तर्जुमा र कार्यन्वयन | ९६,००,००० | ३,९९,६२५ | ४.१६ | ९२,००,३७५ |
| ११ | अनुगमन तथा मूल्यांकन | ६५,००,००० | ४,९६,२९६ | ७.६४ | ६०,०३,७०४ |
| १२ | प्रशासकीय सुशासन | ८५,००,००० | ४,७०,०८० | ५.५३ | ८०,२९,९२० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २,३३,०७,९६,००० | ५३,३८,५५,६४८.२९ | २२.९ | १,७९,६९,४०,३५१.७१ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २,३३,०७,९६,००० | ५३,३८,५५,६४८.२९ | २२.९ | १,७९,६९,४०,३५१.७१ |
| | कुलजम्मा | १६,२५,६६,७८,००० | २,२७,८४,६४,३०७.६२ | १४.०१ | १३,९७,८२,१३,६९२.३८ |

**(१३) तोकिए बमोजिमको अन्य विवरण:**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा राखिएको छ ।

**(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण ।**

यस महानगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका महानगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**(१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :**

काठमाडौं महानगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागी काठमाडौं महानगरपालिकाको आफ्नै वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

नेपाल सरकार, बागमती प्रदेशबाट अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विस्तृत विवरण काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदनः**

महानगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरु आ.व.२०७८/०७९ को बजेट, नीति तथा कार्यक्रम अर्न्तगत रहेको छ । सोको प्रगति प्रतिवेदन का.म.पा. वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१८) सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधीः**

यस महानगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गिकरण नगरेको र त्यस्ता सूचनाहरु महानगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

**(१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः**

नेपाली नागरिक,सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले महानगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ । मिति २०७८।१०।१ देखि मिति २०७८।१२।३० गतेसम्ममा १२ जना निवेदकहरुलाई सूचना उपलब्ध गराइएको छ । उक्त विवरण महानगरपालिकाको वेवसाइडमा समेत राखिएको छ ।

**मिति २०७८।१०।१ गतेदेखि मिति २०७८।१२।३० गतेसम्मको सूचना माग विवरण**

| सि.नं. | सूचना माग गर्ने व्यक्ति | सूचनाको विषय | कैफियत |
|---|---|---|---|
| १ | सौरभ न्यौपाने | का.म.पा. भित्रका सार्वजनिक शौचालय सम्बन्धमा | सूचना उपलब्ध गराईएको |
| २ | श्रद्धा घिमिरे | का.म.पा. को पछिल्लो ५ बर्षको आर्थिक विवरण, सम्पूर्ण आर्थिक कारोवारको विस्तृत विवरण | सूचना उपलब्ध गराईएको |
| ३ | यमकला पाठक | सार्वजनिक निकायहरुमा सूचना अधिकारी तोक्ने सम्बन्धी सूचना समेत | सूचना उपलब्ध गराईएको |
| ४ | सफलता भण्डारी | का.म.पा. स्वास्थ्य क्षेत्रको विगत ५ वर्षको बजेट र कार्यक्रम सम्बन्धी | सूचना उपलब्ध गराईएको |
| ५ | दिपक विक्रम | का.म.पा. भित्र बनेका भवन संरचना | सूचना उपलब्ध |

| | | | |
|---|---|---|---|
| | मिश्र | सम्बन्धमा | गराईएको |
| ६ | दीपक आचार्य | का.म.पा.को सूचना उपलब्ध गराउने माध्यम सम्बन्धी समेत | सूचना उपलब्ध गराईएको |
| ७ | तोयानाथ पोखेल | विद्युतिय गाडी सञ्चालन सम्बन्धमा | सूचना उपलब्ध गराईएको |
| ८ | इश्वर मैनाली | आरोहण गरुकुल नामले चिनिने नाटकघरसँग महानगरले भाडा उपलब्ध गराउने भनी गरिएको सम्झौता समेत | सूचना उपलब्ध गराईएको |
| ९ | अतिन आचार्य | आरोहण गरुकुल नामले चिनिने नाटकघरसँग महानगरले भाडा उपलब्ध गराउने भनी गरिएको सम्झौता | सूचना उपलब्ध गराईएको |
| १० | इन्दिरा बस्नेत | सार्वजनिक निकायहरुमा सूचना अधिकारी तोक्ने सम्बन्धी सूचना समेत | सूचना उपलब्ध गराईएको |
| ११ | शुभ रत्न शाक्य | ज्योती रत्न शाक्यले गुरु दक्षिण लिएको कागजातको फोटोकपी | सूचना उपलब्ध गराईएको |
| १२ | राजेन्द्र बराल | का.म.पा. क्षेत्रभित्र रहेको विर अस्पताल र रत्नपार्क विचको सव-वे करार सम्झौता समेत | सूचना उपलब्ध गराईएको |

**२०) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण:**

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण काठमाडौं महानगरपालिका वेबसाइट www.kathmandu.gov.np राख्ने गरिएको छ । मेट्रो एफ.एम., काठमाडौं महानगरपालिकाको बुलेटिन र नेपाल टेलिभिजनमा हाम्रो काठमाडौं र नेपाल मण्डल कार्यक्रम मार्फत समेत महानगरपालिका सम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरु सार्वजनिक भैरहेका छन् ।